# गजुरी बुलेटिन

(२०७९/०८०)

वर्ष -१ अंक -१

प्रथम वार्षिक बुलेटिन (श्रावण देखि बैशाख सम्म)



## गजुरी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल

# गजुरी बुलेटिन

**पुस्तकः**
गजुरी बुलेटिन, वार्षिक प्रगति प्रतिवेदन (आ.व.२०७९/८०)

**संरक्षकः**
श्री गणेशलाल श्रेष्ठ (गा.पा. अध्यक्ष)
श्री शर्मिला बिसुराल (गा.पा. उपाध्यक्ष)

**प्रधान सम्पादकः**
श्री राजु अधिकारी (प्रमुख प्रशासकीय अधिकृत)
**सम्पादकः**
श्री शिव प्रसाद पौडेल (अधिकृत सातौं)

**सम्पादक मण्डलः**
श्री सुजन भण्डारी (श्रोत शिक्षक)
श्री सुबास घिमिरे (सूचना प्रविधि अधिकृत)
श्री इश्वर भुजेल (प्रशासन, सहायक पाँचौ)
श्री सुस्मिता अधिकारी (एम.आइ.एस. अपरेटर)
श्री सुमन लो तामाङ

**प्रकाशन मिति** :२०८०/०२/०७
**प्रकाशन प्रतिः** ३०० प्रति
**प्रकाशकः**
गजुरी गाउँपालिका
गजुरी, धादिङ, बागमती प्रदेश, नेपाल
फोनः ०१०-४०२०६३
इमेलः info@gajurimun.gov.np
वेबसाईटः http://gajurimun.gov.np

**मुद्रणः**

# शुभ-कामना



आदरणीय गजुरी गाउँपालिकाबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू सबैमा हृदयदेखि नै हार्दिक नमस्कार व्यक्त गर्दछु। मिति २०७९ बैशाख ३० गतेको स्थानीय सरकारको रूपमा दोस्रो निर्वाचन मार्फत निर्वाचित भई पदभार ग्रहण गरेको एक वर्ष भैसकेको छ। यस एक वर्षको समय सिमा भित्र सम्पादित प्रमुख कार्यहरूलाई संग्रहित गरी यो वार्षिक पालिका बुलेटिन यहाँहरू माझ सार्वजनिक गर्न पाउँदा हर्षित महसुस गरेको छु। हामीले निर्वाचनको समयमा तपाईहरू समक्ष घोषणापत्रमा गरेका विविध प्रतिबद्धता र वाचाहरूलाई स्मरण गर्दै जनआकाङ्क्षा, जनभावना तथा स्थानीय संभावना र आवश्यकतालाई सघन रूपमा आत्मसात गर्दै हामीले पहिलो वर्ष पूरा गरेका छौं। आम जनसमुदायको चासो राजनीतिक दल, बुद्धिजीवीहरू, विभिन्न संघ-संस्थाहरूले दिएको सल्लाह तथा सुझावहरूलाई मनन गर्दै दिगो विकासका लक्ष्य अनुरूप हामीले केही नयाँ काम गरेर यस वर्ष पार गरेका छौं।

आर्थिक वर्ष २०७८/०७९ को अन्त्यतिर हामीले कार्यभार सम्हालेसँगै सोहि आ.व.कै नीति कार्यक्रम तथा बजेटलाई नै निरन्तरता दिँदा चाहे अनुसारका विकास निर्माणका कार्यहरूबाट समग्र जनअपेक्षालाई महसुस गर्न सकिने गरी सम्बोधन गर्ने सोच निर्माण गरेका थियौं तर यथार्थ फरक थियो। सोही बजेटलाई मध्येनजर गरी हामीले सानो आकारबाटै भएपनि विकास निर्माणका कार्यहरू सम्पन्न गरेका छौं। मुख्यत शैक्षिक क्षेत्रमा रहेका विभिन्न खालका चुनौतीहरूको सामना गर्दै समस्या समाधान गर्न तर्फ दृढ रही शिक्षामा सुधार गर्ने तथा साना विद्यार्थी र बालबालिकाहरूको लागि गुणस्तरीय शिक्षाको प्रबन्ध गर्ने लक्ष्य लिएका छौं।दिगो विकासको मर्म सापेक्ष जनअपेक्षा र भौगोलिक स्थितिलाई समेत आधार बनाई विकास निर्माणका कार्यहरू अघि बढाउन हामी दृढसङ्कल्पित छौं। विकट र बृहत भूगोलका कारण पनि एकै पटक ठूला निर्माण कार्यहरू सम्पन्न गर्न असहज हुने हुँदा सन्तुलित रूपमा जनअपेक्षा र चाहना अनुकूल आम गजुरी गाउँपालिका बासीहरूको अपनत्व हुने गरी नीति तथा कार्यक्रमहरू तय तथा कार्यान्वयन गर्न हामी प्रतिबद्ध छौं।

गत समयको अनुभवले पनि स्थानीय सरकार संचालन एवम् प्रभावकारिता मापनका धेरै विषय हामीले सिकेका छौं।आगामी दिनमा यिनै सिकाइहरूलाई समृद्ध गजुरी निर्माणको आधारको रूपमा उपयोग गर्नेछौं भन्ने प्रतिबद्धता समेत यहाँहरू समक्ष व्यक्त गर्दै यस अभियानमा रचनात्मक र सकारात्मक भूमिका निर्वाह गर्न साथ दिई सहयोग र सहकार्य गर्नुहुने संघ तथा बागमती प्रदेश सरकार, जिल्ला समन्वय समिति धादिङ, गजुरी गाउँपालिका स्थित सम्पूर्ण राजनीतिक दल सम्बद्ध महानुभावहरू, समस्त जनप्रतिनिधि ज्यूहरू, कर्मचारी मित्रहरू साथै दिनरात खट्नुहुने सबैप्रति कृतज्ञता ज्ञापन गर्दै धन्यवाद दिन चाहन्छु।

स-धन्यवाद



गणेशलाल श्रेष्ठ
अध्यक्ष
गजुरी गाउँपालिका

# शुभ-कामना




संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान (२०७२) अनुसार दोस्रो चरणको स्थानीय तहको निर्वाचन सम्पन्न भई जिम्मेवारी सम्हालेको पनि एक वर्ष पूरा भएको छ। संवैधानिक प्रावधान अनुरूप स्थानीय सरकारमा महिला नेतृत्व स्थापित गर्ने उद्देश्यले आम गजुरीबासी समक्ष मलाई प्रस्ताव गर्ने हाम्रो नेपाली काङ्ग्रेस पार्टी र निर्वाचित हुनको लागि सहयोग गर्ने गठबन्धन राजनैतिक दल तथा आम गजुरीबासी आमाबुबा दिदीबहिनी र दाजुभाइहरू प्रति हार्दिक आभार प्रकट गर्दछु।

सर्वप्रथमतः गजुरी गाउँपालिकाको एक वर्षको अवधिमा भए गरेको गतिविधिको संगालो प्रकाशन गर्दै गरेको परिप्रेक्ष्यमा विभिन्न समयको राजनैतिक आन्दोलनमा शहादत प्राप्त गरेका ज्ञातअज्ञात सहिदहरूको स्मरण गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै लामो समय देखि राजनैतिक तथा सामाजिक कर्म गर्दै दिवंगत हुनुभएका मेरो श्रीमान, ससुराबुबा र सासुआमा प्रति हार्दिक सम्मान प्रकट गर्दछु।

गजुरी गाउँपालिकाको सर्वाङ्गीण विकासको लागि निश्चित प्रतिवद्धता जनाई उपाध्यक्ष पदमा निर्वाचित भई कार्य गर्न शुभारम्भ गरेको पनि एक वर्ष पूरा भयो। यसै बिचमा हामीले जुन गतिमा कार्य संचालन गर्ने जमर्को गयौं अपेक्षा अनुरूप विविध कारणले केहि मात्रामा कमी भएको जस्तो महसुस भएको छ।

स्थानीय निर्वाचन लगत्तै प्रदेश र संघीय संसद निर्वाचन, कर्मचारीको हेरफेर तथा पदपूर्ति, आर्थिक मन्दी र आवश्यक ज्ञान तथा अनुभव नभएको कारण पनि सोचे अनुरूप कार्य हुन सकेन तैपनि समुदायको असिमित आवश्यकता लाई संकलन गरी अत्यावश्यक सवालको पहिचान गरी प्राथमिकताको आधारमा छनौट भएका आयोजना कार्यान्वयन गर्न गाउँपालिकामा उपलब्ध श्रोत साधनको व्यवस्थित ढंगले परिचालन गरी सकारात्मक नतिजा निकाल्न प्रयत्न गरिरहेका छौं।

यो एक वर्षको अवधिमा हामीले जे जति कार्यहरू गयौं सो को जस्ताको तस्तै फेहरिस्त आम जनसमुदायमा लैजानु हामीले आफ्नो कर्तव्य सम्झी जन समक्ष ल्याएका छौं। हामीलाई थाहा छ हामीले गजुरी गाउँपालिकाको काम कारबाही थप व्यवस्थित, पारदर्शी र सुशासनयुक्त ढंगले संचालन गर्न धेरै कुरा सिक्नु छ, अग्रजहरूको अनुभव लिनु छ र विद्वान तथा विषय विज्ञहरूसँग विचारहरू आदान प्रदान गर्नुछ सो को लागि आम गजुरीबासीको पृष्ठपोषण तथा राय सल्लाहको पनि अपेक्षा राख्दै सोही आधारमा आगामी ४ वर्ष सँगसँगै कार्य गर्ने प्रतिबद्धता सहित साथ सहयोग दिने आम जनसमुदाय, सहकार्य गर्ने कर्मचारी वर्ग, सहकर्मी जनप्रतिनिधि साथीहरू प्रति हार्दिक आभार प्रकट गर्दछु।

शर्मिला बिसुराल
उपाध्यक्ष
गजुरी गाउँपालिका

# शुभ-कामना



गजुरी गाउँपालिकाले गत एक वर्षको कार्यसम्पादन उपलब्धि समावेश गरि गजुरी बुलेटिन प्रकाशन गरेकोमा यहाँहरू समक्ष खुशी व्यक्त गर्दछु । तीन तहको शासकीय ईकाइ र त्यसमध्ये जनताको निकटको सरकारको रूपमा रहेको स्थानीय सरकार प्रति जनताको विशेष आकाङ्क्षा र सामिप्यता रहन्छ । यिनै सिद्धान्तलाई आत्मसात गर्दै यस पालिकाले प्रस्तुत गरेको यो दस्तावेज उपलब्धिको सार्वजनिकीकरण त हुँदै हो, साथै भविष्यका लागि वर्तमानको दस्तावेजीकरण पनि हो ।

प्रस्तुत बुलेटिन प्रकाशनका लागि निर्देशन दिने गाउँकार्यपालिका, अध्यक्ष ज्यू तथा उपाध्यक्ष ज्यू, समस्त जनप्रतिनिधि ज्यूहरू एवं सरोकारवाला निकायहरू प्रति आभार व्यक्त गर्दछु ।बुलेटिन प्रकाशनका लागि अहोरात्र खटिनुहुने कर्मचारी साथीहरू तथा रचनात्मक सुझाव तथा समन्वयका लागि अन्य सबै महानुभावहरू प्रति पनि कार्यालय प्रमुखको हैसियतले धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

## गजुरी गाउँपालिकाको विगत र वर्तमान आर्थिक अवस्था तथा आगामी कार्यदिशा सम्बन्धी संक्षिप्त श्वेतपत्रः

ऐतिहासिक संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माण भए पश्चात स्थानीय तहको दोश्रो निर्वाचन २०७९ बाट गजुरी गाउँपालिकाको स्थानीय सरकार संचालन गर्न जिम्मेवारी पाई वर्तमान स्थानीय सरकारले आ.व. २०७८/०७९ को लगभग अन्त्यतिर कार्यभार सम्हाल्दा विगतकै नीति कार्यक्रम र बजेट कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको थियो । चालु आ.व. २०७९/०८० को वार्षिक बजेट नीति तथा कार्यक्रम तय गर्दा आन्तरिक आयश्रोतमा भर परेर सम्झौता गरिएका विगतका योजनाहरू तथा संघ तथा प्रदेशबाट समयमा नै प्राप्त हुन नसकेको अनुदान रकमका कारण सिर्जित हुन गएको करिब दश करोड रूपैयाँ बराबरको अनपेक्षित दायित्वले गजुरी गाउँपालिकालाई पारेको दूरगामी आर्थिक असर सबैसामु स्पष्ट नै छ ।

ढुंगा, गिट्टी, बालुवा र नदीजन्य पदार्थको उत्खनन तथा बिक्री करमा आधारित आन्तरिक आय बन्दोबस्तीको ठेक्का सम्झौता अनुरूपको राजश्व समयमा नै प्राप्त हुनुपर्नेमा ठेकेदार कम्पनीहरूबाट विभिन्न बहानामा राजश्व दाखिला नगरी विभिन्न अदालतहरूमा दायर गरिएका विचाराधीन मुद्दाहरू पालिकाले खेपिरहेको यथार्थ विदितै छ ।

हाल देशव्यापी रूपमा शिथिल रहेको आर्थिक गतिविधि तथा क्रियाकलापहरूको प्रभावबाट गजुरी गाउँपालिका अछुतो छैन ।कृषि उत्पादनको ढुवानी तथा बजार व्यवस्थापनको समस्या, व्यापार व्यवसाय तथा उत्पादनशील आर्थिक गतिविधिहरूमा आएको संकुचन, विभिन्न समयमा गजुरी गाउँपालिकामा देखापरेका पहिरो लगायतका विपदजन्य परिस्थितिहरूका कारण स्थानीय जनजीविकामा प्रत्यक्ष प्रभाव परेको देखिन्छ ।

स्थायी प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूको अभाव र विद्यमान कर्मचारी व्यवस्थापनका कठिनाई सँगै पूँजिगत खर्चको मात्रामा गरिनुपर्ने बढोत्तरी तथा गुणस्तर नियन्त्रणमा परेको प्रभाव, सिमित श्रोत तथा संकुचित कर राजश्व, नदीजन्य पदार्थको बिलम्बित ठेक्का सम्झौता, संघीय सरकारबाट समानीकरण लगायतका अनुदानमा भएका कटौती आदिले गजुरी गाउँपालिकाको आर्थिक अवस्था थप जटिल बनेको छ ।

यस आ.व. २०७९/०८० मा गजुरी गाउँपालिकाका करिब रू.६,५४,००,०००/- छ करोड चौवन्नलाख रूपैयाँ बराबरका योजनाहरू एघारौ गाउँसभा मार्फत संशोधन गरी काटिएका छन भने ८ वटै वडाहरूमा करिब ५० लाखको हाराहारीमा विनियोजन गरिएका योजनाहरू घटाई जम्मा रू. २० लाखमा सिमित गराइएको छ । यसरी गाउँपालिका तथा वडास्तरीय रूपमा कायम भएका योजनाहरू पनि हालसम्म संख्यात्मक तवरले करिब ५८ प्रतिशत मात्रै सम्पन्न भई अन्तिम भुक्तानी हुन सकेको देखिन्छ । यो श्वेतपत्र जारी गर्दाको अवस्था सम्म चालु तथा पूँजीगत गरी करिब ५४ प्रतिशत मात्रै खर्च हुन सकेको छ जसमा पूँजीगत खर्च अपेक्षाकृत न्यून रहेको छ।

सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण, शिक्षा स्वास्थ्य खानेपानी सडक आदि पूर्वाधार विकास तथा विस्तार सँगै समग्र सार्वजनिक सेवा प्रवाहलाई जनअपेक्षा अनुरूप विकसित गर्नुपर्ने वर्तमान सरकारको सोच तथा हालको समग्र गजुरी गाउँपालिकाको वस्तुगत र धरातलीय यथार्थ बिच तादात्म्यता कायम गर्ने गरी कार्यसम्पादन गर्न यो श्वेतपत्र जारी गर्दै गजुरी गाउँपालिकाले निम्नानुसार कार्यदिशा तय गरेको छ ।

१. चालु आ.व.को बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्दा परिवर्तित सन्दर्भअनुसार योजना तथा कार्यक्रमहरूको पुन:प्राथमिकीकरण गर्दै उपलब्ध स्रोतको उच्चतम परिचालन गरिनेछ।

२. शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासको गतिलाई तीव्र पार्न प्राथमिकता निर्धारण सहित प्रादेशिक तथा संघीय मन्त्रालयहरूसँग महत्तम समन्वय गरी विभिन्न क्षेत्रमा बजेट विनियोजन गर्न गराउन पहल गरिनेछ।

३. संकुचित भएको व्यवसाय कर राजश्व लाई व्यापक अनुगमन, नियमन मार्फत बढाइने तथा वैज्ञानिक, व्यवहारिक र वस्तुगत ढंगबाट नदीजन्य पदार्थ उत्खनन कर र बिक्री शुल्क दुवै लगाउने गरी समयमानै आन्तरिक आय बन्दोबस्ती गरिने तथा सम्भावित अन्य स्रोतहरुको पहिचान तथा परिचालन गरिने छ।

४. O & M Survey मार्फत् कर्मचारीहरूको व्यवस्थापन गरिने छ तथा कार्यसम्पादन संझौता गरिने एवं आन्तरिक नियन्त्रण प्रणाली बनाई कडाईका साथ लागू गरिनेछ साथै संघीय तथा प्रादेशिक सरकारहरूबाट प्राप्त हुने सशर्त, विशेष, समपूरक र समानीकरण अनुदानको खर्च औचित्यपूर्ण मितव्ययी र प्रभावकारी बनाउन प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा अधिकार सम्पन्न र जवाफदेही संयन्त्र बनाई परिचालन गरिनेछ।

५. गजुरी गा.पा.को फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण, चालिसेको अस्पताल भवन निर्माण, इलाका प्रशासन कार्यालय स्थापना, लगायतका थुप्रै योजनाहरू कार्यान्वित गराउँदै सेवा प्रवाहलाई चुस्त दुरूस्त बनाईनेछ।

६. पूँजीगत खर्चको मात्रा तथा गुणात्मकता अभिवृद्धि गर्न प्राविधिक कर्मचारी, निर्माण व्यावसायी, उपभोक्ता समिति, शाखा प्रमुखहरूलाई थप जिम्मेवार र जवाफदेही बनाउँदै अनुगमन संयन्त्रलाई दुरूस्त बनाईनेछ। उत्कृष्ट कार्यसम्पादन गर्नेलाई उचित रूपमा पुरस्कृत गरिनेछ।

७. गजुरी गाउँपालिकाको प्राथमिकताको क्षेत्र, दीर्घकालीन बृहत्तर जनहितलाई मध्यनजर गर्दै अन्य सरकारी कार्यालयहरू, स्थानीय अगुवा राजनैतिक दल, सहकारी, सहयोगी संघ संस्थाहरू तथा सरोकारवालाहरू बिच पर्याप्त समन्वय तथा सहकार्यलाई बढावा दिईनेछ र सो सम्बन्धमा पालिकास्तरीय समन्वय समिति गठन गरी उपयुक्त परिचालन गरिनेछ।

८. पालिकाको उत्पादनशीलता प्रवर्धन गर्दै आत्मनिर्भरता बढाउन कृषि तथा पशु सेवाको विस्तार, लक्षित वर्गमा उद्यमशीलता विकास र बजारीकरण लाई प्रोत्साहित गरिनेछ।

अन्तमा, गजुरी गाउँपालिकामा सिर्जित यस अवस्थामा आ-आफ्नो तह र तप्काबाट महत्वपूर्ण योगदान गर्न तथा जस्तोसुकै परिस्थितिमा **दिगो विकास र आर्थिक समृद्धि** भन्ने गजुरी गाउँपालिकाको नारालाई मूर्तरूप दिन स्थानीय बुद्धिजीवी, अगुवा समाजसेवी, व्यवसायी, सहयोगी संघ संस्था, सरोकारवाला तथा सम्पूर्ण आदरणीय गजुरीबासीहरूमा सहकार्यको लागि आव्हान गर्दछु।

गणेशलाल श्रेष्ठ
अध्यक्ष
गजुरी गाउँपालिका

# गजुरी गाउँकार्यपालिकाका सदस्यहरू:



अध्यक्ष
श्री गणेशलाल श्रेष्ठ




उपाध्यक्ष
श्री शर्मिला बिसुराल



प्रमुख प्रशासकीय अधिकृत
श्री राजु अधिकारी



वडा अध्यक्ष (वडा नं. १)
श्री तारानाथ भण्डारी



वडा अध्यक्ष (वडा नं.२)
श्री द्रोण कडेल



वडा अध्यक्ष (वडा नं.३)
श्री ऋषिलाल श्रेष्ठ



वडा अध्यक्ष (वडा नं.४)
श्री सुरेन्द्र प्रजा



वडा अध्यक्ष (वडा नं.५)
श्री गोविन्द लामिछाने



वडा अध्यक्ष (वडा नं.६)
श्री भक्त बहादुर तामाङ



वडा अध्यक्ष (वडा नं.७)
श्री बद्री प्रसाद जमकटेल



वडा अध्यक्ष (वडा नं.८)
श्री देवराज ओझा



सदस्य
श्री आयुष प्रजा



सदस्य
श्री सनक बहादुर प्रजा



सदस्य
श्री मैयाँ डल्लाकोटी



सदस्य
श्री गंगा श्रेष्ठ

फोटो

सदस्य
श्री तारा लामा



सदस्य
श्री फुलमाया तामाङ

## गजुरी गाउँ कार्यपालिकाका सदस्यहरू:

| | | | | |
|---|---|---|---|---|
| १ | गा.पा. अध्यक्ष | श्री गणेशलाल श्रेष्ठ | अध्यक्ष | ९८५१०५४१६५ |
| २ | गा.पा. उपाध्यक्ष | श्री शर्मिला बिसुराल | सदस्य | ९८५१२७९५८४ |
| ३ | १ नं वडा अध्यक्ष | श्री तारानाथ भण्डारी | सदस्य | ९८४१३६३२६२ |
| ४ | २ नं वडा अध्यक्ष | श्री द्रोण कडेल | सदस्य | ९८५६०३१६६२ |
| ५ | ३ नं वडा अध्यक्ष | श्री ऋषिलाल श्रेष्ठ | सदस्य | ९८४३०१६७७८ |
| ६ | ४ नं वडा अध्यक्ष | श्री सुरेन्द्र प्रजा | सदस्य | ९८५१०३७७९४ |
| ७ | ५ नं वडा अध्यक्ष | श्री गोविन्द लामिछाने | सदस्य | ९८५११६६३१४ |
| ८ | ६ नं वडा अध्यक्ष | श्री भक्त बहादुर तामाङ | सदस्य | ९८५१२४८५३४ |
| ९ | ७ नं वडा अध्यक्ष | श्री बद्री प्रसाद जम्कटेल | सदस्य | ९८४१७९८०६७ |
| १० | ८ नं वडा अध्यक्ष | श्री देवराज ओझा | सदस्य | ९८५११९०७९५ |
| ११ | सदस्य | श्री आयुष प्रजा | सदस्य | ९८६१०७२११८ |
| १२ | सदस्य | श्री सनक बहादुर प्रजा | सदस्य | ९८४१६५६९६४ |
| १३ | सदस्य | श्री मैयाँ डल्लाकोटी | सदस्य | ९८४९४५५२५३ |
| १४ | सदस्य | श्री गंगा श्रेष्ठ | सदस्य | ९८६०९४९८११ |
| १५ | सदस्य | श्री तारा लामा | सदस्य | ९८६५४०४३६६ |
| १६ | सदस्य | श्री फुलमाया तामाङ | सदस्य | ९८६९३५५५१३ |

## गजुरी गाउँसभाका पदाधिकारीहरू:

| क्र.सं. | नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | गणेशलाल श्रेष्ठ | अध्यक्ष | ९८५१०५४१६५ |
| २ | शर्मिला बिसुराल | उपाध्यक्ष | ९८५१२७९५८४ |
| ३ | तारानाथ भण्डारी | वडा अध्यक्ष | ९८४१३६३२६२ |
| ४ | कुल बहादुर सुनार | वडा सदस्य | ९८४१७४४१०४ |
| ५ | सुधिर खरेल | वडा सदस्य | ९८०६४९८८२० |
| ६ | मैंया डल्लाकोटी | कार्यपालिका सदस्य | ९८४९४५५२५३ |
| ७ | लक्ष्मी नेपाली | द. महिला सदस्य | ९८०३१३९८४३ |
| ८ | द्रोण कडेल | वडा अध्यक्ष | ९८५६०३१६६२ |
| ९ | धननाथ सिलवाल | वडा सदस्य | ९८६३२०८४८३ |
| १० | रेशम थापा मगर | वडा सदस्य | ९८४९६३३२०१ |
| ११ | गंगा श्रेष्ठ | कार्यपालिका सदस्य | ९८६०९४९८११ |
| १२ | सानु मिजार | द. महिला सदस्य | ९८५६०३१६६२ |
| १३ | ऋषिलाल श्रेष्ठ | वडा अध्यक्ष | ९८४३०१६७७८ |
| १४ | मंगल बहादुर तामाङ | वडा सदस्य | ९८४५२४०२७६ |
| १५ | श्याम बहादुर चेपाङ | वडा सदस्य | ९८४९४००८९९ |
| १६ | तारा लामा | कार्यपालिका सदस्य | ९८६५४०४३६६ |
| १७ | राम माया वि.क | द. महिला सदस्य | ९८६०१४९२०२ |

| | | | |
|---|---|---|---|
| १८ | सुरेन्द्र प्रजा | वडा अध्यक्ष | ९८५१०३७७९४ |
| १९ | जयराम प्रजा | वडा सदस्य | ९८६६४३४२७५ |
| २० | श्री चक्र बहादुर थिङ तामाङ | वडा सदस्य | ९८४९००६८२४ |
| २१ | फुलमाया तामाङ | कार्यपालिका सदस्य | ९८६९३५५५१३ |
| २२ | सुक माया सुनार | द. महिला सदस्य | ९८६९४१२१२४ |
| २३ | गोविन्द लामिछाने | वडा अध्यक्ष | ९८५११६६३१४ |
| २४ | रामशरण लामिछाने | वडा सदस्य | ९८६१७४५५३५ |
| २५ | गोविन्द चेपाङ | वडा सदस्य | ९७४६२९५५७६ |
| २६ | चमेली राइ | महिला सदस्य | ९८४१०६५९३९ |
| २७ | संगिता विक | द. महिला सदस्य | ९८६२७७५५६१ |
| २८ | भक्त बहादुर तामाङ | वडा अध्यक्ष | ९८५१२४८५३४ |
| २९ | कवि प्रसाद दुलाल | वडा सदस्य | ९८५१३३३४२० |
| ३० | कृष्ण बहादुर चेपाङ | वडा सदस्य | ९८४४८४८९३२ |
| ३१ | संगिता चेपाङ | महिला सदस्य | ९८४१०६१८२० |
| ३२ | राम माया परियार | द. महिला सदस्य | ९८६३६५०५८३ |
| ३३ | बद्री प्रसाद जमकटेल | वडा अध्यक्ष | ९८४१७९८०६७ |
| ३४ | कपिल श्रेष्ठ | वडा सदस्य | ९८४१२०६८७८ |
| ३५ | विकाश लामा तामाङ | वडा सदस्य | ९८४३६०७०६३ |
| ३६ | सर्मिला पराजुली | महिला सदस्य | ९८४९१८५७७५ |
| ३७ | अञ्जु बिसुन्के | द. महिला सदस्य | ९८६१६८८७२९ |
| ३८ | देवराज ओझा | वडा अध्यक्ष | ९८५११९०७९५ |
| ३९ | नवराज बस्नेत | वडा सदस्य | ९८४००७४१२२ |
| ४० | मिलन थिङ तामाङ | वडा सदस्य | ९८६९७९७०५४ |
| ४१ | मिना लो | महिला सदस्य | ९८६२७५५७२२ |
| ४२ | राधिका रोक्का | द. महिला सदस्य | ९८२३१८९७९५ |
| ४३ | आयुष प्रजा | कार्यपालिका सदस्य | ९८६१०७२११८ |
| ४४ | सनक बहादुर प्रजा | कार्यपालिका सदस्य | ९८४१६५६९६४ |


**गजुरी गाउँपालिकामा हालसम्मका कार्यकारी अधिकृत/प्रमुख प्रशासकीय अधिकृतहरूको नामावली:**

| क्र सं | नाम /थर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | मनचन्द्र धराला | कार्यकारी अधिकृत | २०७३/११/२७ | २०७३/१२/१३ |
| २ | देवीलाल सापकोटा | कार्यकारी अधिकृत/प्र प्र अधिकृत | २०७३/१२/१४ | २०७५/०२/१४ |
| ३ | गोपाल प्रसाद बगाले | प्रमुख प्रशासकीय अधिकृत | २०७५/०२/१५ | २०७५/१२/१२ |
| ४ | युवराज अर्याल | प्रमुख प्रशासकीय अधिकृत | २०७५/१२/१३ | २०७७/०४/२५ |
| ५ | राजन घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | २०७७/०४/२६ | २०७८/१२/१५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | ध्रुब प्रसाद सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | २०७८/१२/१५ | २०७९/०४/१८ |
| ७ | नर बहादुर विश्वकर्मा | प्रमुख प्रशासकीय अधिकृत | २०७९/०४/१८ | २०७९/६/०९ |
| ८ | लाल बहादुर योगी | प्रमुख प्रशासकीय अधिकृत | २०७९/०६/१३ | २०७९/१०/१७ |
| ९ | राजु अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | २०७९/१०/१८ | ………………… |

**परिचयः**

बागमती प्रदेश, धादिङ जिल्लामा अवस्थित गजुरी गाउँपालिका नेपालको संविधान (२०७२) बमोजिम साबिकका गजुरी, पिंडा र किरान्चोक गरी तीन वटा गाउँ विकास समितिलाई समायोजन गरी गठन गरिएको छ। यस गाउँपालिकालाई हाल ८ वटा वडामा विभाजन गरिएको छ ।करिब १३८.६६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको पूर्वमा गल्छी गाउँपालिका, पश्चिममा बेनिघाट रोराङ गाउँपालिका, उत्तरमा त्रिशुली नदीको किनार र दक्षिणमा मकवानपुर जिल्ला पर्दछ । ऐतिहासिक भनाई/किंवदन्ती अनुसार तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल एकिकरणको समयमा गोरखाबाट नुवाकोट जाने क्रममा आफ्नो शिरको गजुर बिसाएकोले यस ठाउँको नाम गजुरी हुन गएको हो । सोही साबिकको गजुरी भन्ने स्थान पछिल्लो समयमा गजुरी गाउँ विकास समिति हुँदै हाल गजुरी गाउँपालिका बनेको हो ।




**भौगोलिक अवस्थिति**

**फैलावटः**

१. अक्षांश : २७ डिग्री ७ मिनेट उत्तरी अक्षांश
२. देशान्तर : ८४ डिग्री ९८ मिनेट पूर्वी देशान्तर
३. पूर्वमा : गल्छी गाउँपालिका
४. पश्चिममा : त्रिशुली नदी (सिद्धलेक गाउँपालिका)
५. उत्तरमा : त्रिशुली नदी
६. दक्षिणमा : बेनिघाट रोराङ गाउँपालिका र मकवानपुर जिल्ला
७. उचाई : समुन्द्री सतहबाट ३७५ देखि २३०० मिटर सम्म
८. जम्मा क्षेत्रफल : १३८.वर्ग कि ६६.मि.
९. हावापानी : समशितोष्ण
१०. वार्षिक वर्षा : २१२० मिलिमिटर
११. अधिकतम तापक्रम : ३० डिग्री सेन्टिग्रेड
१२. न्यूनतम तापक्रम : १० डिग्री सेन्टिग्रेड भन्दा कम
१३. प्रदेश : बागमती
१४. जिल्ला : धादिङ
१५. वडा संख्या : ८ (आठ)

१६. केन्द्र : गजुरी-१, गजुरी गाउँ कार्यपालिका, धादिङ
१७. निर्वाचन क्षेत्र : निर्वाचन क्षेत्र नं १, प्रदेश सभा (ख)

**भौगोलिक विवरण:**

| | |
|---|---|
| कूल जमिनको क्षेत्रफल | : १३८६६ हे. |
| खेती योग्य जमिनको क्षेत्रफल | : ३५५६ हे. |
| खेती गरिएको जग्गाको क्षेत्रफल | : १८२९ हे. |
| खेत | : ८०० हे. |
| बारी | : १०२९ हे. |
| सिंचित जमिन | : ३९२ हे. |

संचालित मझौला तथा ठूला सिंचाई आयोजना संख्या : ४ वटा

**प्रशासनिक भवनः**

गजुरी गाउँपालिकाको हाल आफ्नै भवनबाट प्रशासनिक कृयाकलापहरू संचालन गर्दै आएको छ । नयाँ प्रशासनिक भवन निर्माणको अन्तिम चरणमा पुगेको छ । वडा नं. १ देखि ८ वटै वडा कार्यालयको प्रशासनिक भवन निर्माण भई प्रशासनिक कृयाकलाप संचालन भइरहेको छ ।

**प्रमुख नदीनालाः**

यस गजुरी गाउँपालिकाको प्रमुख नदीनालाहरूमा गाउँपालिकाको उत्तरी सिमानामा बाह्रैकाल बाह्रै महिना बगिरहने नेपालकै प्रथमस्तरको त्रिशुली नदीले सिद्धलेक गाउँपालिका र गजुरी गाउँपालिकाको सिमाना छुट्याएको छ ।त्यसै गरी गजुरी गाउँपालिकाको वडा नं.१ र ५ लाई गलौदी खोला वडा नं. ६ र ७ लाई दरियाल खोला र वडा नं. ७ र ८ लाई बेल्खु खोलाले सिमाना बनाएको छ ।

**प्रमुख धार्मिक स्थलः**

गजुरी गाउँपालिका भित्र रहेका महत्वपूर्ण धार्मिक स्थलहरू मध्ये वडा नं. ३ मा कंकाली माईको मन्दिर वडा नं. ५ मा पिण्डेश्वरी माई र वडा नं. ८ मा रहेको लामाचिरा मन्दिर प्रसिद्ध रहेका छन । किरान्चोकमा रहेको किराँतेश्वर महादेवको मन्दिरमा लामाचिरा जात्रामा हरेक मंसिरको पूर्णिमाको दिन हजारौं भक्तजनहरूको घुँईचो लाग्नुका साथै जात्रा महोत्सव पनि हुने गरेको छ ।

**जनसंख्याको विवरणः**

राष्ट्रिय जनगणना २०७८ को अन्तिम प्रतिवेदन अनुसार गजुरी गाउँपालिकाको जनसांख्यिकीय विवरणः

कूल जनसंख्याः २८,६३४ जना
पुरूष जनसंख्याः १४,३२६ जना
महिला जनसंख्याः १४,३०८ जना
परिवारको औसत आकारः ४.१९
लैंगिक अनुपातः १००.१३
वार्षिक जनसंख्या वृद्धिदरः ०.५३
जनघनत्वः २०७ जना प्रति वर्ग कि.मि.
कूल परिवार संख्याः ६,८३९ जना
साक्षरता दरः ७२.९१ प्रतिशत

पुरूष साक्षरता दरः ७८.६० प्रतिशत

महिला साक्षरता दरः ६७.२१ प्रतिशत

**समायोजित वडाको विवरणः**

नेपाल संघीयतामा गईसकेपछी गजुरी गाउँपालिकाको हालको वडा तपसिलको साबिक गा.वि.स.को वडाहरू समेटी निर्धारण गरिएको छ ।

| वडा नं. | साबिकको वडा | साबिकको गा.वि.स. |
|---|---|---|
| १ | १,३ | गजुरी |
| २ | २,४,८ | गजुरी |
| ३ | ५,६,७,९ | गजुरी |
| ४ | ७,८,९ | पिंडा |
| ५ | २,४,५ | पिंडा |
| ६ | १,३,६ | पिंडा |
| ७ | ६,७,८,९ | किरान्चोक |
| ८ | १,२,३,४,५ | किरान्चोक |

**यातायातः**

गजुरी गाउँपालिकाको सम्पूर्ण वडाहरूमा कच्ची मोटर बाटो पुगिसकेको छ ।वडा नं. १ गजुरी बजार देखि भदौरे सम्म ३.५ कि.मि., वडा नं. २ चालिसे देखि बेलभञ्याङ सम्म १ कि.मि., वडा नं.६ आदमघाट देखि मिलनटार सम्म करिब ३ कि.मि., वडा नं. २ मलेखु देखि ढाँडे सम्म करिव ७ कि.मि पक्की मोटर बाटो बनिसकेको छ । हाल बागमती प्रदेश सरकारको बजेटले वडा नं. ६ मिलनटार देखि वडा नं. ५ सम्मको लिस्नुफेदी सम्म करिब १४ कि.मि. पक्की सडक निर्माण कार्य तीव्र गतिमा भइरहेको छ । त्यसै गरी गजुरी गा.पा. वडा नं. ६ को मिलनटारबाट वडा नं. ८ को कार्यालय सम्म करिब ४ कि.मि. पक्की सडक प्रदेश सरकारको बजेटबाट निर्माण कार्य निरन्तर भइरहेको छ ।

**संचारः**

गजुरी गाउँपालिकाको ८ वटै वडाहरूमा संचारको पहुँच पुगेको छ ।

**खानेपानीः**

गजुरी गाउँपालिकाको एक घर एक धारा अभियानमा कार्य तीव्र गतिमा अगाडी बढिरहेको छ ।

<u>गाउँपालिकाबाट संचालित गतिविधिहरू:</u>

**लोक सेवा तथा शिक्षक सेवा आयोगको तयारी कक्षा संचालनः**

गजुरी गाउँपालिकाले यस आ.व. २०७९/०८० मा यहाँका युवा वर्गमा सरकारी सेवाप्रति अभिरूची जगाउने उद्देश्यले लोक सेवा तथा शिक्षक सेवा आयोगको तयारीलाई मध्यनजर गर्दै तयारी कक्षा संचालन गरेको छ । यस तयारी कक्षाबाट लोक सेवा तथा शिक्षक सेवा परीक्षा तयारी गर्दै गरेका स्थानीय युवा वर्गलाई थप सहयोग पुगेको छ । दर्जनौ विद्यार्थीहरूको सहभागिता रहेको यस तयारी कक्षा आगामी आ.व.मा समेत निरन्तर कार्यक्रमको रूपमा रहनेछ।



**बजार अनुगमनमा तीव्रताः**

गजुरी गाउँपालिकाका नियमित कार्यहरूमध्ये बजार अनुगमन कार्यलाई यस पटक पनि निरन्तरता दिईएको छ । बजार अनुगमनको क्रममा गजुरी गाउँपालिकाको मलेखु, फुर्केखोला, लगायतको बजारहरूमा बजार अनुगमन भइसकेको र यस कार्यलाइ आगामी दिनमा समेत निरन्तरता दिइनेछ । बजार अनुगमनको क्रममा व्यवसायीहरूको गजुरी गाउँपालिकामा व्यवसाय सूचीकृत भएको नभएको, मुल्यसूची राखे नराखेको लगायतका विषयमा अनुगमन भएको थियो ।





**१५ शैयाको अस्पताल निर्माण गर्नको लागि गाउँपालिकाको प्रयास र अतिक्रमण बस्ती हटाउने अभियानः**

गजुरी गाउँपालिका वडा नम्बर १ चालिसेमा निर्माण प्रस्ताव गरिएको १५ शैयाको अस्पताल निर्माण गर्नको लागि अतिक्रमण गरेर बनाईएका घर टहरा भत्काईएको छ। अतिक्रमण गरी बसोबास गरिरहेका मानिसहरूलाई सार्वजनिक सूचना जारी गर्दै स्थान खाली गराउन जानकारी गराईएको थियो । मिति २०७९ पुस १ गते ३५ दिने सार्वजनिक सूचना जारी गरी जानकारी गराईएको भएपनि अटेर गरी घर टहरा नहटाइएकोले गाउँकार्यपालिकाको मिति २०७९ चैत ३ गते को निर्णयानुसार समेत ७ दिनभित्र घरटहरा हटाउन थप समय दिंदा पनि पटक पटक दिइएको सूचना लाई अवज्ञा गरिएकोले अव्यवस्थित घरटहरा हटाउन सुरू गरिएको थियो।









गजुरी गाउँपालिकाको अध्यक्ष गणेशलाल श्रेष्ठको नेतृत्व र प्रमुख प्रशासकीय अधिकृत राजु अधिकारी, वडा अध्यक्ष, कार्यपालिका सदस्य र सुरक्षा निकायका टोली सहितको उपस्थितिमा सार्वजनिक जग्गा अतिक्रमण गरि बसोबास गरिरहेका व्यक्तिहरूको घर तथा टहरा भत्काईएको हो।

**सबै वडाका विभिन्न स्थानमा सोलार जडानः**


















घाटबेशी मरनघाट, मलेखु घाट, चेपाङ छात्राबास, भानुभक्त मा. वि., छेवाङ मा वि, पेटारे स्वास्थ्य चौकी, वडा कार्यालयहरू लगायत गजुरी गाउँपालिकाका सबै वडाका विभिन्न ४० वटा महत्वपूर्ण स्थानहरूमा सोलार बत्ती जडान कार्य सम्पन्न गरिएको छ ।

**विद्यालय समायोजन र दरबन्दी मिलानः**

जनसाङ्ख्यिक संरचनामा आएको परिवर्तन, तीव्र सहरीकरण, सडक यातायातको सञ्जालमा भएको वृद्धि संगसंगै ठूला र आवासीय विद्यालयप्रतिको आकर्षण बढ्दै गएकाले सार्वजनिक विद्यालयमा आधारभूत पूर्वाधार विकास, दक्ष विषयगत शिक्षकको प्रबन्ध, समुचित सिकाइ वातावरणको सुनिश्चितता गर्दै त्यस्ता विद्यालयको सबलीकरण र सुदृढीकरण गर्न जरूरी छ ।जसका लागि विद्यालय शिक्षामा बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सार्वजनिक विद्यालय समायोजन, कक्षा अवनति एवम् दरबन्दी मिलान कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित रूपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले, शिक्षा ऐन, २०२८ को दफा १९ क. र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ ले दिएको अधिकार प्रयोग गरी यस गजुरी गाउँ कार्यपालिकाले यो कार्यविधि र सार्वजनिक विद्यालय समायोजन, कक्षा अवनति एवम् दरबन्दी मिलान कार्यक्रम कार्यान्वयन समिति बनाई यस पालिकाभित्रका विद्यालयहरूको अनुगमन तथा सुपरीवेक्षण गरी प्राप्त प्रतिवेदन गजुरी गाउँकार्यपालिका सामु पेश गर्यो ।जस अनुसार गा.पा.भित्रका ८ वटा विद्यालयहरूलाई कक्षा अवनति गरी आवश्यकता र दुरी लाई मध्येनजर गर्दै दरबन्दी समायोजन कार्य सम्पन्न भयो ।

**जिल्लास्तरीय/पालिकास्तरीय रनिङशिल्ड प्रतियोगिता संचालनः**






यस गाउँपालिकाको वडा नं. ५ स्थित गलौंदी खेल मैदानमा जिल्ला खेलकुद विकास समितिको आयोजनामा मिति २०७९ फाल्गुन २३ गते देखि २५ गते सम्म १२ औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ । गजुरी गाउँपालिकाले आयोजना गरेको उक्त जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा धादिङका १३ वटा स्थानीय तहहरूको सहभागिता रहेको थियो । यस गाउँपालिकाले सञ्चालन गरेको दोस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा प्रथम र द्वितीय स्थान हाँसिल गरेका विद्यार्थीहरू छनोट भएका विभिन्न विद्यालयका ७२ जना खेलाडीहरू र खेल शिक्षकहरूलाई सहभागी गराइएको थियो । त्यसै गरी मिति २०७९ माघ २७ गते देखि २९ गते सम्म पालिकास्तरीय दोस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको थियो । उक्त राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा यस गाउँपालिका अन्तर्गतका १२ विद्यालयहरू सहभागी भएका थिए । दुवै प्रतियोगिता यसै गाउँपालिकाको वडा नं. ५ स्थित गलौंदी खेल मैदानमा भएको थियो ।

**बेलाश्वरी सामुदायिक बाल विकास केन्द्र स्थापनाः**




गजुरी गाउँपालिका वडा नं. ८ को दोभानखर्कमा प्रारम्भिक बाल कक्षा जाने उमेर पुगेका बालबालिकाहरू भएका तर विद्यालय टाढा हुँदा विद्यालय जानबाट वञ्चित भएकोले दोभान खर्कमा बेलाश्वरी सामुदायिक बाल विकास केन्द्र स्थापना गरी करिब २५ जना बालबालिकाहरूलाई प्रारम्भिक बाल कक्षाको व्यवस्थापन गरियो ।यो कार्यक्रम प्रयास नेपाल धादिङ र गजुरी गाउँपालिकाको साझेदारीमा सम्पन्न भएको हो ।


**वडास्तरीय शिक्षक भेलाः**

आगामी शैक्षिक सत्र २०८० देखि शिक्षण सिकाई क्रियाकलापलाई सहज र प्रभावकारी बनाउनको लागि सबै वडा तहमा शिक्षकहरूलाई भेला गरी शिक्षकहरूको समस्या र गुनासो सुन्ने काम भयो र आगामी दिनमा कसरी अगाडी बढ्ने भन्ने विषयमा गहन छलफल भयो ।

**सडक तथा सामुदायिक कुकुरहरूमा स्थायी बन्ध्याकरण तथा रेबिज खोप कार्यक्रमः**

( मितिः २०७९ चैत्र ३ देखि ५ सम्म )





यस गजुरी गाउँपालिकाका बजार क्षेत्र तथा ग्रामीण भेगमा सामुदायिक कुकुरहरूको संख्या दिनानुदिन बढ्दै आइरहेको गुनासो एवम् तथ्यलाई ध्यान दिंदै प्राणघातक रोग रेबिजको जोखिमबाट सुरक्षित राख्न र गाउँपालिका क्षेत्रभित्र छाडा तथा सामुदायिक कुकुरहरूको संख्या नियन्त्रण गर्नका लागि आयोजित "सडक तथा सामुदायिक कुकुरहरूमा स्थायी बन्ध्याकरण तथा रेबिज विरूद्धको खोप कार्यक्रम" सम्पन्न गरियो ।

**फोहोर मैला व्यवस्थापनमा पालिका अग्रसरः**

गजुरी गाँउपालिकाले गजुरी बजार क्षेत्रमा रहेका स्थानीय बसोबास क्षेत्र र वरपर रहेका बजार क्षेत्र मलेखु, गजुरी, घाटबेसी, जरे, आदमघाट र बेल्खु क्षेत्रबाट निस्कने फोहोरमैला लाई व्यवस्थापन गर्नका लागि हप्तामा ३ दिन फरक फरक स्थान बाट फोहोर उठाउने कार्य गरेको छ भने बजार क्षेत्र बाट निस्कने घरायसी फोहोरमैला व्यवस्थापन गर्न र व्यवस्थित बनाउनको लागि विभिन्न निकाय र स्थानीय सँग छलफल गरी आवश्यक व्यवस्थापनका लागि सुरक्षित स्थानको पहिचान गरी नेपाल सरकारको मन्त्रीपरिषद बाट जग्गा प्राप्तीको लागि अनुमति समेत प्राप्त गरेको हुँदा निकट भविष्यमा सुरक्षित र व्यवस्थित तवरले फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गरिने भएको छ ।

## निःशुल्क शव वहान संचालनः




गजुरी गाउँपालिकाले गजुरी गाउँपालिकाको सेवाग्राहीको लागि २०८० बैशाख देखि निःशुल्क शव वहान सेवा संचालनमा ल्याएको छ ।गजुरी गाउँपालिका क्षेत्र तथा पृथ्वी राजमार्ग क्षेत्रमा दुर्घटना वा अन्य कारणले मृत्यु भएका व्यक्तिहरूको शव पोस्टमार्टम तथा अन्तिम संस्कारका लागि लैजान यस गाउँपालिकाले गाउँपालिकाको बासिन्दाको हकमा निःशुल्क र अन्यको हकमा प्रचलित जिल्ला दररेट अनुसार सेवा शुल्क निर्धारण गरेको छ ।

## साझा सवालका विषयमा ६ वटै स्थानिय तहका जनप्रतिनिधिहरू सँग छलफलः

गजुरी गाउँपालिकाको आयोजनामा बेनिघाट रोराङ गाउँपालिका, गल्छी गाउँपालिका, गजुरी गाउँपालिका, सिद्धलेक गाउँपालिका, थाक्रे गाउँपालिका, धुनिवेसी नगरपालिका गरी ६ वटा स्थानीय तहहरूका जनप्रतिनिधिहरू बिच विविध विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त छलफलले साझा सवालका रूपमा निम्न कार्ययोजनाहरू प्रस्तावित गरेको छ।



१) क्षेत्रियस्तरको अस्पताल स्थापना गर्ने ।
२) एकिकृत यातायात चार्जिङ सेन्टर राख्ने ।
३) एकिकृत इलाका प्रशासन कार्यालय राख्ने ।
४) प्रदेश स्तरको खेलकुद रंगशाला निर्माण गर्ने।
५) कोल्डस्टोर चिस्यान केन्द्र तरकारी गोदाम निर्माण गर्ने ।
६) साना शहरको विकास आयोजना थप विस्तार गर्ने ।
७) बागमती प्रदेश स्तरको कृषि तालिम केन्द्र स्थापना गर्ने ।
८) हाटबजार बनाउने ।
९) कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम माग गर्ने।



## राष्ट्रिय परिचयपत्र शिविर संचालनः

यस गजुरी गाउँपालिकामा २०७९ मंसिरमा गजुरी गाउँपालिका वडा नं. १ देखि ८ वडाका सबै नागरिकहरूको बायोमेट्रिक विवरण सहित राष्ट्रिय परिचयपत्रको शिविर संचालन भएको छ ।उक्त शिविर कार्यक्रम गजुरी गाउँपालिका र जिल्ला प्रशासन कार्यालय धादिङको सहकार्यमा भएको हो ।शिविर कार्यक्रममा आउन नसक्ने

अशक्त वृद्ध वृद्धाहरूको लागि वडा कार्यालयहरूबाट टोलटोलमा शिविर राखी उनीहरूको व्यक्तिगत तथा बायोमेट्रिक विवरण लिने कार्य भएको थियो ।

**समृद्ध गजुरी विषयक अन्तरसम्वाद कार्यक्रमः**

मिति २०८० जेठ ६ गते ज्ञानोदय मा. वि., बाफल, काठमाडौंमा गजुरी गाउँपालिका क्षेत्रभित्र जन्म भई विशिष्ट पहिचान बनाउन सफल व्यक्तिहरूको आतिथ्यतामा समृद्ध गजुरी विषयक अन्तरसम्वाद कार्यक्रम संचालन गरियो। भव्य रूपमा सम्पन्न भएको उक्त कार्यक्रममा गजुरी गाउँपालिकाको तर्फबाट समृद्ध गजुरीको उद्देश्यलाई सफलीभूत गर्न प्रस्तुत कार्यपत्र माथि व्यापक छलफल तथा विचार विमर्श एवम सहभागीहरूको तर्फबाट मन्तव्य प्रस्तुत भएको थियो।

## शिक्षा

**विद्यालय व्यवस्थापन समिति गठन र अध्यक्षहरूसँग अन्तरक्रियाः**

विगत केही बर्ष देखि विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेका ५ वटा विद्यालयहरू मध्ये ४ वटा विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति गठन भएका छन् । यहि मिति २०८० बैशाख ८ गतेका दिन गजुरी गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयका वि.व्य.स. अध्यक्षहरूसँग समसामयिक शैक्षिक तथा प्रशासनिक विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**चेपाङ किशोरी छात्राबासः**

गजुरी गाउँपालिका भित्रका अति विपन्न ३२ जना चेपाङ किशोरीहरूलाई चेपाङ छात्राबासमा राखी अध्ययनको लागि पालिकाले सहयोग गर्दै आइरहेको छ ।

**आधारभूत तह (कक्षा ८) परीक्षा सञ्चालन र उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूलाई सम्मानः**



यस गजुरी गा.पा. शिक्षा, युवा तथा खेलकुद शाखाले मिति २०७९ चैत्र ६ गते देखि १४ गते सम्म आधारभूत तह (कक्षा ८) परीक्षा सञ्चालन गरी चैत्र ३० गते नतिजा प्रकाशन गरेको छ । परीक्षा सञ्चालनको लागि विषय विज्ञबाट २ प्रति प्रश्नपत्र माग गरी मोडेरेशन मार्फत प्रश्नपत्र निर्माण, प्रश्नपत्र छपाई, उत्तरपुस्तिका खरिद, सम्पूर्ण परीक्षा केन्द्रमा निरीक्षकहरू खटाउने, परीक्षा सञ्चालन र निरीक्षण, विषय विज्ञबाट उत्तरपुस्तिका परीक्षण कार्य सम्पन्न भएको छ र परीक्षामा विभिन्न विषयमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल विद्यार्थीहरूलाई प्रमाण पत्र र नगद पुरस्कार सहित सम्मान कार्यक्रम सम्पन्न भयो ।

**प्रधानाध्यापकहरू लाई दिवा खाजा सम्बन्धी अभिमुखीकरणः**

यहि मिति २०७९।१२।२८ गते बुधबारका दिन गजुरी गाउँपालिका अन्तर्गत सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूलाई दिवा खाजा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

**नमूना विद्यालय भ्रमणः**

गजुरी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले २०७९ मंसिर २५ गते देखि २७ गते सम्म नमूना विद्यालय भ्रमण गरेको छ । उक्त तीन दिने भ्रमणमा शिक्षा अधिकृत, स्रोत शिक्षक र गजुरी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको समूहको सहभागिता रहेको थियो ।नमुना विद्यालय भ्रमणको लागि भ्रमण टोली काभ्रे जिल्लाको महाकाली माध्यमिक विद्यालय र रामेछाप जिल्लाको डहु माध्यमिक विद्यालय पुगी अध्ययन तथा अवलोकन गरेको थियो ।

## स्वास्थ्य

**सौर्य प्रणाली जडानः**

पाखुरे आधारभूत स्वास्थ्य सेवा केन्द्र गजुरी -४ मा २ किलो वाटको सौर्य प्रणाली स्थापना गरिएको छ । यो सौर्य प्रणाली जडान भए सँगै आधारभूत स्वास्थ्य सेवा केन्द्रमा रेफ्रीजेरेटर संचालनमा आएको छ । रेफ्रीजेरेटर संचालनमा आए पछि नियमित तथा कोभिड खोप भण्डारण भएको कारण उपलब्ध खोपहरूको गुणस्तरीयता सुनिश्चित भई आफ्नै योजनामा खोप क्लिनिकहरू/सेसनहरू संचालन गर्न सहयोग पुगेको छ ।

**निःशुल्क मोतीविन्दु अपरेशन सहितको आँखा शिविरः**

गजुरी गा.पा.को विभिन्न ५ स्थानमा निःशुल्क मोतीविन्दु अपरेशन सहितको आँखा शिविर संचालन भएको छ ।जसमा ५५० जति नागरिकहरूमा पुगेको सेवाबाट ४२ जना मोतीविन्दुका अपरेशन गर्नुपर्ने केसहरू पत्ता लगाई प्रेषण गरिएको छ ।यो शिविर गजुरी गाउँपालिकाको आयोजनामा यहि आ.व.मा दुई चरणमा गरिएको थियो ।

**परिवार नियोजन स्याटेलाईट क्याम्प संचालनः**

गजुरी गाउँपालिकाको आयोजनामा पाखुरे आधारभूत स्वास्थ्य सेवा केन्द्र गजुरी गा.पा. ४ मा परिवार नियोजन स्याटेलाईट क्याम्प संचालन गरिएको हो। वडा नं. ४ मा आयोजित उक्त कार्यक्रम परिवार नियोजन सेवाको पहुँच बाहिर रहेको समुदाय लक्षित रहेको थियो जसमा २८ जना ईच्छुक दम्पत्तिहरूले ईम्प्लाण्ट सेवा लिएका थिए ।

## आर्युवेद शाखा

संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान अन्तर्गत पंचकर्म, स्नेहन, स्वेदन कार्यक्रम सन्चालन गरिएको छ । यस स्नेहन स्वेदन कार्यक्रममा विशेषत वातव्याधिका बिरामीको लागि औषधी तथा स्टिम थेरापी सन्चालन गरी सेवा प्रदान गरिएको छ ।



संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान अन्तर्गत कार्यालय संचालनको लागि स्तनपायी सुत्केरी आमालाई दुग्धवर्धक औषधी र जेष्ठ नागरिकको लागि रसायन औषधी खरिद गरि आवश्यक सेवा प्रदान गरिएको छ।

**निशर्त कार्यक्रमहरूः**



गाउँघर क्लिनिक संचालन कार्यक्रम निशर्त अनुदान बाट औषधि खरिद गरी सन्चालन गरिएको हो । यो कार्यक्रम आगामी आ.व.मा निरन्तरता रहनेछ

## कृषि

**तरकारी पकेट विकास कार्यक्रमः**



संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान अन्तर्गत "साना व्यावसायिक कृषि उत्पादन केन्द्र तरकारी पकेट विकास कार्यक्रम (गत आ.व.को निरन्तरता)" कार्यक्रम सम्पन्न भएको छ ।

**बालीको नामः गोलभेंडा**

पकेटको कमाण्ड क्षेत्रः गजुरी गा.पा. वडा नं. ३ र ४

पकेटले ढाकेको क्षेत्रफलः १२ हेक्टर

कार्यक्रममा सहभागी कृषि सहकारी/समूहः ६ वटा कृषक समूह

कार्यक्रम बजेटः रू ६,००,०००। (छ लाख मात्र /-)

**तरकारी पकेट विकास कार्यक्रमः**

संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान अन्तर्गत साना व्यावसायिक कृषि उत्पादन केन्द्र तरकारी पकेट विकास कार्यक्रम (यस आ.व. को नयाँ) सम्पन्न भएको छ ।

**बाली को नामः** तरकारी (गोलभेंडा, लहरे बाली, काउली)

**पकेटको कमाण्ड क्षेत्रः** गजुरी गा.पा. वडा नं. २

**पकेटले ढाकेको क्षेत्रफलः** ११ हेक्टर

**कार्यक्रममा सहभागी कृषि सहकारी/समूहः** २ वटा कृषक समूह

**फलफूल तथा तरकारी मूल्य-शृङ्खला विकास आयोजनाः**



गजुरी गाउँपालिका र कृषि तथा पशुपन्छी विकास मन्त्रालय, फलफूल तथा तरकारी मूल्य श्रृङ्खला विकास आयोजना बिच मिति २०७६ श्रावण १२ गतेका दिन भएको पहिलो सम्झौता बमोजिम यस आ.व. २०७९/०८० को यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार आन्तरिक श्रोत तर्फको प्लाष्टिक घर निर्माण र तरकारीको बिउ तथा साना कृषि औजार उपकरण बितरण कार्यक्रम सम्पन्न भएको छ।

**बालीको नामः** तरकारी (गोलभेडा, काँक्रो, प्याज लसुन, मुला गाजर, काउली बन्दा) फलफूल (केरा)

**पकेटको कमाण्ड क्षेत्रः** गजुरी गा पा वडा नं. १,२ र ५

**कार्यक्रममा सहभागी कृषि सहकारी/समूहः** ७ वटा कृषक समूह

**लाभान्वित कृषक घरधुरीः** २२० घर

**कार्यक्रम बजेटः** रू.१६,९९,०००।

**तरकारी प्रवर्धन कार्यक्रमः**

गजुरी गाउँपालिका गाउँ कार्यपालिकाको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत नीति तथा कार्यक्रम अनुसार प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान अन्तर्गत तरकारी प्रवर्धन कार्यक्रम गजुरी गा.पा. वडा नं. ५ मा सम्पन्न गरियो ।

**लाभान्वित कृषक घरधुरीः** ९८ घरधुरी कृषक

**कार्यक्रममा सहभागी कृषि फर्म/समूहः** ४ वटा कृषक समूह र ४ वटा कृषि फर्म

**कार्यक्रम बजेटः** रू. ५,००,०००।-

**कृषि शाखा अन्तर्गत नियमित कार्यक्रमहरूः**

**कृषक समूह दर्ता तथा परिचालनः** १०० वटा, **कृषक समूह दर्ता नवीकरणः** १९ वटा





गजुरी गा.पा. स्तरीय कृषि विकास आवधिक योजना तर्जुमाको सुरूवात भएको।

# पशु सेवा शाखा

**पशु सेवा तालिम कार्यक्रमः**

कृषकहरूको व्यवसायिक र प्राविधिक ज्ञान अभिवृद्धि गरि किसानहरूलाई व्यवसायिक पशुपालन तर्फ उत्प्रेरित गराउने तथा पशुमा लाग्ने रोगहरूको न्यूनीकरण तथा पशु उत्पादनमा वृद्धि गर्ने उद्देश्य बमोजिम व्यवसायिक कुखुरापालन तथा बाख्रापालन तालिम कार्यक्रम संचालन गरियो ।





**पशु स्वास्थ्य शिविर कार्यक्रमः**

कृषक उद्यमीहरूलाई आवश्यक पर्ने सम्पूर्ण पशु स्वास्थ्य उपचार सेवा, खोप सेवा, गाइनाकोलोजिकल सेवा, सर्जिकल सेवा, रोग निदान आदि समेटिएर आयोजना गरिएको पशु स्वास्थ्य शिविर कार्यक्रम विभिन्न मितिमा संचालन गरिएको थियो ।








**दिवसीय कार्यक्रमहरू**




१६ औं रेबिज दिवस २०७९ **"रेबिजबाट शून्य निधन,एक स्वास्थ्यको अवलम्बन "** भन्ने नाराका साथ सञ्चालित सचेतनामूलक तथा खोप कार्यक्रम संचालन गरिएका दृश्यहरू ।

**कृत्रिम गर्भाधान कार्यक्रमः**

पशुनश्ल सुधार गरी पशुपालन पेशामा संलग्न साना तथा व्यवसायिक कृषकहरूको पशुपालन कार्यलाई सहज तथा आर्थिक रूपमा सक्षम बनाउने उद्देश्य बमोजिम "कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरियो ।



## पञ्जीकरण शाखा

**सामाजिक सुरक्षा भत्ता वितरणः**

गजुरी गाउँपालिका कार्यालयमा आ.व. २०७९/०८० को सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरूको संख्यात्मक विवरण तपसिल बमोजिम रहेको छ ।

| क. स. | सामाजिक सुरक्षा भत्ताको शिर्षक | लाभग्राही संख्या | मासिक दर |
|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | १७७४ | ४००० |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | १२९ | २६६० |
| ३ | जेष्ठ नागरिक एकल महिला | १३६ | २६६० |
| ४ | विधवा (आर्थिक सहायता) | २७६ | २६६० |
| ५ | क वर्ग | ९१ | ३९९० |
| ६ | ख वर्ग (आर्थिक सहायता) | १३२ | २१२८ |
| ७ | दलित बालबालिका | २५८ | ५३२ |
| ८ | जम्मा संख्या | २७९६ | |

**अनलाइन घटना दर्ताः**

यस गजुरी गाउँपालिका वडा नं. १ देखि वडा नं. ८ सम्म भएका अनलाइन व्यक्तिगत घटना दर्ताहरू तपसिल बमोजिमका रहेका छन् ।

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध विच्छेद | विवाह | बसाईसरी आएको | | बसाईसरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | ५३ | ३९ | ९२ | १७ | १४ | ३१ | ६ | ६० | ३० | ११३ | १५ | ५८ | २३४ |
| २ | ६३ | ६० | १२३ | ९ | ११ | २० | ८ | ६२ | ३१ | १२९ | १२ | ४० | २५६ |
| ३ | ४२ | ५० | ९२ | ५ | ९ | १४ | १ | ४२ | २ | ४ | ३४ | १४१ | १८५ |
| ४ | ५२ | ६२ | ११४ | १२ | १० | २२ | १ | ५३ | ० | ० | ६ | २१ | १९६ |
| ५ | ३६ | ४७ | ८३ | ८ | ६ | १४ | ४ | ५८ | ८ | २० | १८ | ५८ | १८५ |
| ६ | ६८ | ८२ | १५० | १६ | २० | ३६ | १ | ६१ | १० | ३४ | ११ | ३० | २६९ |
| ७ | ७० | ८९ | १५९ | ८ | १६ | २४ | ४ | ४२ | ० | ० | १४ | ५४ | २४३ |
| ८ | १११ | ७९ | १९० | २० | २२ | ४२ | ६ | १०८ | ७ | २४ | ७ | २८ | ३६० |
| **जम्मा** | **४९५** | **५०८** | **१००३** | **९५** | **१०८** | **२०३** | **३१** | **४८६** | **८८** | **३२४** | **११७** | **४३०** | **१९२८** |

**घटना दर्ता शिविर कार्यक्रम संचालनः**

गजुरी गाउँपालिकाले आ.व. २०७९/०८० को राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट विनियोजित सशर्त अनुदान अन्तर्गत व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम संचालन गर्यो । गजुरी गाउँपालिकाको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सेवा इकाई गजुरीबाट वैशाख ३ देखि ६ गते सम्म गाउँपालिका वडा नं १ देखि ८ सम्म व्यक्तिगत घटना दर्ता शिविर सम्पन्न भएको छ ।






## प्रधानमन्त्री रोजगार कार्यक्रम



- आ.व.२०७९।०८० का लागि न्यूनतम १०० दिनको रोजगारीमा **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन)** अन्तर्गत सञ्चालन हुने योजनामा काम गर्न ईच्छुक व्यक्तिहरूको संख्या - ४७६ जना रहेको थियो ।
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना अन्तर्गत यस गजुरी गाउँपालिकाको लागि न्यूनतम १०० दिनको रोजगारीमा ६० जना श्रमिकहरू छनोटमा परेका थिए ।
- आ. व. २०८०/०८१ मा न्यूनतम १०० दिनको रोजगारीमा **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन)** अन्तर्गत सञ्चालन हुने योजनामा काम गर्न ईच्छुक व्यक्तिहरूको संख्या - ५४७ जना रहेको छ ।
- बजेट (नेपाल सरकार रू.१६,४८,०००/- र आई. डि. ए. रू.२४,५१,०००/-, गरी जम्मा रू.४०,९९,०००/-
- स्थानीय तह साझेदारी हाते औजार तथा सुरक्षा सामाग्री

**कार्यक्रमको प्रभावकारिता:**

- ❖ आफनै गाउँ-ठाउँकै योजामा काम गरि महिला या पुरूष सबैले समान ज्याला पाउँदा नागरिकहरूमा खुसी ।
- ❖ १०० दिनको न्यूनतम रोजगारीले थोरै भएपनि नागरिकको जीवनस्तरमा सुधार ल्याएको छ ।
- ❖ स्कुल जाने गोरेटो बाटो मर्मत तथा निर्माणले विद्यार्थीहरूलाई सहजता प्रदान गरेको छ।

## आर्थिक प्रशासन

**आय तर्फको विवरण:**

**संघीय सरकारबाट प्राप्त हुने आय तर्फको विवरण:**

| सि नं | शीर्षकहरू | प्रस्तावित आय | वास्तविक आय | प्राप्त हुन बाँकी |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | १५,८९,००,०००.०० | ११,९१,७५,०००.०० | ३,९७,२५,०००.०० |
| २ | सशर्त अनुदान चालु | १७,५७,१६,०००.०० | १२,३०,८४,७५०.०० | ५,२६,३१,२५०.०० |
| ३ | सशर्त अनुदान पुंजीगत | ९५,५०,०००.०० | ३८,२५,०००.०० | ५७,२५,०००.०० |
| ४ | समपूरक अनुदान पुंजीगत | ६०,००,०००.०० | ३,२०,५००.०० | ५६,७९,५००.०० |
| | **जम्मा** | **३५,०१,६६०००।-** | **२४,६४,०५२५०।-** | **१०,३७,६०७५०।-** |

**प्रदेश सरकारबाट प्राप्त हुने आय तर्फको विवरण:**

| सि नं | शीर्षकहरू | प्रस्तावित आय | वास्तविक आय | प्राप्त हुन बाँकी |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | १,५८,९३,०००.०० | १,१९,१९,७५०.०० | ३९,७३,२५०.०० |
| २ | सशर्त अनुदान चालु | २,४२,७६,०००.०० | १,८२,०७,०००.०० | ६०,६९,०००.०० |
| ३ | विशेष अनुदान चालु | १,५०,००,०००.०० | १,१२,५०,०००.०० | ३७,५०,०००.०० |
| ४ | समपूरक अनुदान चालु | १,००,००,०००.०० | ७५,००,०००.०० | २५,००,०००.०० |
| | **जम्मा** | **६,५१,६९०००।-** | **४,८८,७६,७५०** | **१,६२,९२,२५०** |

**राजश्व बाँडफाँडबाट प्राप्त हुने आय तर्फको विवरण:**

| सि.नं. | शीर्षकहरू | प्रस्तावित आय | वास्तविक आय | प्राप्त हुन बाँकी |
|---|---|---|---|---|
| १ | संघीय सरकार - राजश्व बाँडफाँड | ९,७७,२९,०००.०० | ५,२०,२९,६१९.६० | ४,५६,९९,३८०.४० |
| २ | प्रदेश सरकार - राजश्व बाँडफाँड | १,००,००,०००.०० | १,१८,०४,२०८.६८ | (१८,०४,२०८.६८) |
| ३ | स्थानीय - राजश्व बाँडफाँड | ८,५४,२०,०००.०० | २,१३,४९,१८४.२३ | ६,४०,७०,८१५.७७ |
| | **जम्मा** | **१९,३१,४९,०००.००।-** | **८,५१,८३,०१२.५१।-** | **१०,७९,६५,९८७.४९।-** |

**व्यय तर्फको विवरणः**

| सि.नं. | शीर्षकहरू | वार्षिक बजेट रकम | खर्च रकम | मौज्दात |
|---|---|---|---|---|
| १ | चालु तर्फ (विभिन्न ३३ वटा शिर्षक) | ४६,३६,८४,२६७.०० | २२,९०,३२,६०१.९३ | २३,४६,५१,६६५.०७ |
| २ | पूँजीगत तर्फ (विभिन्न १० वटा शिर्षक) | २२,८१,७९,७३३.०० | ९,२४,६३,४५४.०० | १३,५७,१६,२७९.०० |
| | **कूल जम्मा** | **६९,१८,६४,०००.००।-** | **३२,१४,९६,०५५.९३।-** | **३७,०३,६७,९४४.०७।-** |

## पूर्वाधार विकास शाखा

| सि.नं. | योजनाको नाम | वार्ड नं |
|---|---|---|
| १ | बेल्खु खानेपानी | ६ |
| २ | आदर्श माबि हुदै झोलुङगे पुल जाने बाटो | १ |
| ३ | सुन्दर प्रा.वि जाने बाटो | १ |
| ४ | चालिसे कल्ब निर्माण | १ |
| ५ | कच्चि सडक मर्मत साबिक २ | २ |
| ६ | कच्चि सडक मर्मत साबिक ४ | २ |
| ७ | कच्चि सडक मर्मत साबिक ८ | २ |
| ८ | मलेखु खोला बजार देखी मजुवा डाडा सिडि गोरेटो बाटो निर्माण | २ |
| ९ | चाम्बासको त्रिशुली नदीमा रहेको फनार संरक्षण | २ |
| १० | छेपाङ मा.वि प्रयोगशाला निर्माण | २ |
| ११ | ढाँडखोला चिलाउनेखर्क सडक स्तरउन्नती | ३ |
| १२ | नाग्गी द्वारे खोला सडक स्तरउन्नती | ३ |
| १३ | सडक सरसफाई | ३ |
| १४ | सेलडाँडा पधेरो पन्ध्रमुरे खस्राङ कृषि सडक | ३ |
| १५ | सातबिस खेल मैदान | ४ |
| १६ | चिउरी खर्क ओडारे पुकुन सडक | ४ |
| १७ | बागेश्वरी डाँड र चुच्चे ढुङ्गा काउखर्क सडक | ४ |
| १८ | रिङटोल खर्कडाँडा सडक | ४ |
| १९ | सडक मर्मत तथा सरसफाई | ४ |
| २० | मुलखर्क सामुदायिक भवन | ५ |
| २१ | पोखरेखोला राईगाउँ सडक ग्राबेल तथा नाला | ५ |
| २२ | माने भञ्याङ ढोडेनी सडक | ५ |
| २३ | लेकबारी काफल जंगार हरियोचौर ढाँड लामासे सडक | ५ |
| २४ | शाखा सडक मर्मत वडा नं ५ | ५ |
| २५ | धाटबेसी खानेपानी | ५ |
| २६ | मरणघाट बाटो निर्माण घाटबेसी पिपलघाट | ५ |
| २७ | चौतारो बराईटोल गोरेटोबाटो ढलान | ६ |
| २८ | ढोडेनि तरकारी संकलन केन्द्र | ६ |
| २९ | दरियालखोला बाँध निर्माण | ६ |

| | | |
|---|---|---|
| ३० | आलेपाखा तिघरे सडक ट्रयाक निर्माण | ७ |
| ३१ | खयरपानी ढुङ्गेचौर हुदै रक्तकाली सडक मर्मत | ७ |
| ३२ | चाम्बोटे गोरेटो बाटो निर्माण | ७ |
| ३३ | चिउरी भञ्याङ रक्तकाली सडक मर्मत | ७ |
| ३४ | चियानडाँडा टिमुरेडाँडा घट्टखोला सडक मर्मत | ७ |
| ३५ | चौतारा खानिखेत हुदै ठुलोडाडा मिजारटोल सडक निर्माण | ७ |
| ३६ | धुलीभञ्याङ कर्मीटोल मोटरबाटो स्तरोन्नती | ७ |
| ३७ | बिर्ता रक्तकाली कुपुण्डे राङकाई सडक मर्मत | ७ |
| ३८ | ऐसेलुखर्क सडक निर्माण | ८ |
| ३९ | पुरानोगाउँ बेलेश्वरी सडक | ८ |
| ४० | बस्नेतगाउँ सडक निर्माण | ८ |
| ४१ | बावसगारी दोभानखर्क सडक निर्माण | ८ |
| ४२ | भुसकाँडे सडक निर्माण | ८ |
| ४३ | सल्ले भष्मेखर्क सडक | ८ |
| ४४ | सिमगैरी कागेश्वरी सडक निर्माण | ८ |
| ४५ | तल्लोगाउँ मन्दिर निर्माण | ८ |
| ४६ | वडा नं. ६ शाखा सडक मर्मत | ६ |
| ४७ | वडा नं. ८ शाखा सडक मर्मत | ० |
| ४८ | मलेखु खोला किनारा तटबन्धन | २ |
| ४९ | शाखा सडक मर्मत | ७ |
| ५० | कालिका मन्दिर मर्मत सम्भार | १ |
| ५१ | थुम्की डाँडा माध्यमिक विद्यालय | ८ |
| ५२ | ग्रामिण बाटो सरसफाई | १ |
| ५३ | कटुन्जे सल्ले सडक | ८ |
| ५४ | दोबाने च्याङली जोगीबिसौना ठाँटी सडक | ६ |
| ५५ | चिउरीखर्क खानेपानी मर्मत | ४ |
| ५६ | वडा नं.२ सम्म जाने बाटो ढलान | २ |
| ५७ | पोखरी देउराली तिरासी नाङ्गी सडक स्तरउन्नती | २ |
| ५८ | मजुवा खानेपानी निर्माण | ८ |
| ५९ | अमलटारी पोखरेखोला खानेपानी निर्माण | ६ |
| ६० | बान्द्रे डाँडा खानेपानी निर्माण | ६ |
| ६१ | ठुलीफाँट गहिरी कुलो मर्मत | ६ |
| ६२ | मरणघाट जाने बाटो निर्माण | ६ |
| ६३ | ढाडखोला बस्नेतगाउँ खानेपानी मर्मत | ३ |

## महिला तथा बालबालिका शाखा

गजुरी गाउँपालिकाको महिला तथा बालबालिका शाखाबाट विभिन्न मितिमा संचालन गरिएका केही प्रमुख गतिविधिहरू निम्नानुसार रहेका छन ।

- महिला सचेतना कार्यक्रम अतर्गत लैङगिक हिंसा सम्बन्धी १६ दिने अभियान संचालन
- महिलाको लागि पाठेघर सम्बन्धी निःशुल्क जाँच शिविर संचालनः

- बाल विवाह अन्त्यको लागि समुदाय परिचालन कार्यक्रमः २०० जनालाई ।
- जेष्ठ नागरिकहरूको लागि न्यानो झोला वितरण कार्यक्रमः ३०० जनालाई ।
- महिला लक्षित सिलाईकटाई तथा उदघोषण तालिम संचालन






## न्यायिक समिति

**२०७९ श्रावण देखि २०८० बैशाख मसान्तसम्मको उजुरी तथा न्याय सम्पादन विवरण**

| क्र.स. | मुद्दाको विवरण | प्राप्त निवेदन संख्या(२०७९ श्रावण देखि २०८० बैशाख सम्म) | फरछ्यौंट | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ (१) र (२) अर्न्तगतका विभिन्न मुद्धाहरु | पारिवारिक सम्बन्धमा उजुरी -५<br>जग्गा सम्बन्धी -२<br>घर जग्गा बहाल सम्बन्धमा -१<br>तलब पारीश्रमिक सम्बन्धमा -१<br>खानेपानी सम्बन्धी -१<br>विभिन्न विषय सम्बन्धी -१<br>**कुल जम्मा- ११ निवेदन** | ८ | ३ | |

# विविध

## लघुउद्यमः



- वडास्तरीय अभिमुखीकरण कार्यक्रम वडा नं.१, ५ ६ र ८ वडामा सम्पन्न ।जसमा ५८ जनाको सहभागिता रहेको छ ।
- सहभागितामूलक ग्रामीण लेखाजोखा कार्यक्रम वडा नं.२, ५, ६ र ८ मा सम्पन्न भएको छ जसमा १४३ जनाको सहभागिता रह्यो ।
- उद्यमशीलता विकास तालिम वडा नं.१, ५ र ६ मा सम्पन्न भएको छ जसमा ७६ जनाको सहभागिता रह्यो ।
- मेड्पा कार्यक्रममा नयाँ उद्यमीको सिर्जना संख्या ५७ जना थप भएको छ ।

## पोषणः




- पोषण कार्यक्रम अन्तर्गत गजुरी गाउँपालिकामा पालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिति गठन
- वडा स्तरीयमा ८ वटै वडामा वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिति गठन भएको
- वडा नं. ३, ४ र ६ मा MAM case को बच्चाहरूलाई Super cereal वितरण गरियो ।

## विपदः

- विपद् व्यवस्थापन समितिको नियमित बैठक तथा त्यस सँग सम्बन्धित जनचेतनामूलक डेमो कार्यक्रम संचालन भएको छ ।
- गाउँपालिका क्षेत्र भित्र बाढी पहिरोमा जोखिममा परेका परेका बस्तीहरूको पहिचान गरी विभिन्न संघ संस्था तथा प्रदेश सरकार सँग समन्वय गरी एकिकृत बस्ति निर्माणको लागि पहल गरिएको छ ।

## तस्विरहरू:







बागमती प्रदेशका माननीय मुख्यमन्त्री ज्यूको स्वागत, सम्मान तथा बधाई कार्यक्रम






गजुरी गाउँपालिका स्तरीय दोस्रो राष्ट्रपति रनिङ शिल्ड २०७९





सिलाई कटाई सम्बन्धी १ महिने एड्भान्स तालिम







बहुक्षेत्रीय पोषण कार्यक्रम






बाल विवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम







गजुरी गाउँपालिकामा संचालन गरिएका लघुउद्यम कार्यक्रमका केही झलकहरू






गजुरी गाउँपालिकाभित्र मेलमिलापकर्ताहरूको प्रशिक्षण कार्यक्रम


GAJURI RURAL MUNICIPALITY
GAJURI,DHADING